# स्थानीय राजपत्र

## सिद्धार्थनगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९) सिद्धार्थनगर रुपन्देही, नेपाल, जेष्ठ २१, २०८३ साल

## भाग २

**सिद्धार्थनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सिद्धार्थनगर, रुपन्देही, नेपालको**

**सूचना**

नेपालको संविधान बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको **"मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी अनुगमन निर्देशिका, २०८३"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८३ सालको निर्देशिका नं. १**

# मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी अनुगमन निर्देशिका, २०८३

**प्रस्तावना :** सिद्धार्थनगर नगरपालिका भित्र सञ्चालित मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रका व्यवसायीहरूलाई कानुनको दायरा भित्र ल्याई व्यवस्थित र मर्यादित बनाउन तथा त्यस्ता व्यवसायहरुमा संलग्न श्रमजीवी महिला/पुरुष तथा अन्य श्रमिकहरूको व्यवसायिक सुरक्षाको प्रत्याभूति गर्दै जीवनयापनलाई सरल, सहज र प्रतिष्ठित बनाउन तथा प्रचलित अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनद्वारा महिला तथा अन्य कामदारहरुलाई प्रदत्त अधिकार व्यवहारिक रुपमा लागू गर्न वाञ्छनीय भएको तथा यस्ता कार्यस्थलमा हुने श्रमजीवी महिलाहरू प्रति यौन उत्पीडन नियन्त्रण गर्न सर्वोच्च अदालतबाट मिति २०६५।८/१३ मा जारी गरिएको **"श्रमजीवी महिलाहरू प्रति डान्स रेष्टुराँ, डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने सम्बन्धी निर्देशिका, २०६५"** साथै निर्देशनात्मक आदेशको भावना अनुकुल हुने गरी **"कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१"** को दफा २१(१) सहित श्रम ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका तयार गर्न बान्छनिय भएकोले,

सिद्धार्थनगर नगरपालिकाले मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई मर्यादित, सम्मानित, व्यवस्थित, व्यवसायिक र नियमबद्ध रुपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम **"मनोरञ्जन तथा सत्कार सेवाक्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी अनुगमन निर्देशिका २०८३"** जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

यस मापदण्ड तथा निर्देशिकाको नामः **"मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी अनुगमन निर्देशिका, २०८३"** रहेको छ ।

**२. परिभाषा र व्याख्याः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) **"मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र"** भन्नाले डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याबिन रेस्टुरेन्ट, खाजा घर, होम स्टे र होटल आदि व्यवसायहरु आदिलाई सम्झनु पर्छ।

(ख) **"श्रमिक"** भन्नाले मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने कामदारलाई सम्झनु पर्छ ।

(ग) **"कार्यस्थल"** भन्नाले मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र जहाँ श्रमजीवी कामदारहरुले काम गर्ने डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याबिन रेस्टुरेन्ट र साना खाजा घर जस्ता व्यवसायहरु आदिलाई जनाउँछ।

(घ) **"यौन शोषण"** भन्नाले कार्यस्थलमा काम गर्ने श्रमिक महिला/पुरुषहरुलाई यौन उत्तेजनामा ल्याउने वा आफू स्वयं यौन उत्तेजनामा आउने हिसाबले जिस्क्याउने, बोल्ने वा कुनै प्रकारको यौन इसारा प्रदर्शन गर्ने गराउने, लगायतका सम्पूर्ण कार्यलाई जनाउँछ।

(ङ) **"व्यवसाय सञ्चालक"** भन्नाले डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर डान्स वार, क्याबिन रेस्टुरेन्ट र साना खाजा घर जस्ता व्यवसायहरु आदिको संस्थापकः व्यवस्थापक वा सञ्चालक सम्झनु पर्छ।

(च) **"सेवाग्राही"** भन्नाले डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याबिन रेस्टुरेन्ट र साना खाजाघर जस्ता व्यवसायहरु आदिले प्रदान गर्ने सेवा लिन आउने व्यक्तिलाई सम्झनु पर्छ।

(छ) **"समिति"** भन्नाले परिच्छेद ३ बमोजिम गठित मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी अनुगमन गर्ने समितिलाई सम्झनु पर्छ ।

(ज) **"प्रमुख"** भन्नाले सिद्धार्थनगर नगरपालिकाका प्रमुख सम्झनु पर्दछ ।

(झ) **"उपप्रमुख"** भन्नाले सिद्धार्थनगर नगरपालिकाका उपप्रमुख सम्झनु पर्दछ ।

(ञ) **"नगरपालिका"** भन्नाले सिद्धार्थनगर नगरपालिका सम्झनु पर्छ ।

(ट) **"वडा"** भन्नाले सिद्धार्थनगर नगरपालिकाको वडा सम्झनु पर्छ ।

**३. न्यूनतम मापदण्ड तथा अनुगमन निरीक्षण निर्देशिकाको उद्देश्यः**

यस न्यूनतम मापदण्ड तथा अनुगमन निरीक्षण निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ :

१. श्रम ऐन २०७४ अन्तर्गत मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रसँग सम्बन्धित कानुनी प्रावधानहरु लागु गर्न/गराउन र यस क्षेत्रका व्यवसायलाई नियमबद्ध रुपमा सञ्चालन गरी मर्यादित, सम्मानित र व्यवसायिक बनाउने ।

२. कार्यस्थलमा कार्यरत श्रमिकहरु प्रति हुने भेदभाव, हिंसा र कुनै पनि प्रकारको यौन उत्पीडन, शोषण नियन्त्रण गर्ने ।

३. व्यवसायी र श्रमिक विच सुमधुर सम्बन्ध तथा व्यवसायिक मर्यादा कायम गरी नियमनको व्यवस्था गर्ने।

## परिच्छेद-२

## न्यूनतम मापदण्डको व्यवस्था

मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई मर्यादित, सम्मानित, व्यवस्थित र व्यवसायिक बनाउन देहाय बमोजिमको मापदण्ड अवलम्बन गर्नुपर्नेछ ।

**४. व्यवसायीको हकमा :**

१. मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रका सबै व्यवसायहरु नेपाल सरकारका सम्बन्धित निकायमा दर्ता गरी स्थानीय तहमा सूचिकृत भई नियमित रुपमा नवीकरण गर्नु पर्नेछ।

२. यस सेवा क्षेत्रमा अमर्यादित कार्य गर्न नहुने, व्यवसाय सञ्चालकले कार्यस्थलमा सुरक्षाको व्यवस्था गर्नुपर्ने (जस्तैः मर्यादा पालक/सुरक्षा गार्डको व्यवस्था) र १८ वर्ष भन्दा कम उमेरका बालबालिकालाई प्रयोग गर्न पाइने छैन।

३. व्यवसाय सञ्चालकहरूले श्रमिकहरूलाई अनुशिक्षण/सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने (जस्तैः श्रम ऐन र दूर्व्यवहार विरुद्धको कानूनी व्यवस्थाको बारेमा जानकारी दिने आदि) र कामको प्रकृतिको आधारमा क्षमता विकास तथा पेशागत तालिम र आवश्यकता अनुसार अन्य तालिमहरु नियमित रुपमा व्यवस्था गर्नुपर्ने (जस्तैः जीवन उपयोगी सीप तथा

आत्मरक्षा तालिम आदि) तथा श्रमिकहरुको निरन्तर अनुगमन र गुनासो सुनुवाई भएको हुनु पर्नेछ ।

४. व्यवसाय सञ्चालकहरूले श्रमिक छनौटमा उपयुक्त प्रक्रिया अपनाउनु पर्ने, योग्यता अनुसारको पारिश्रमिक र समान कामको समान ज्याला दिलाउनु पर्नेछ ।

५. श्रमिकहरुको नागरिकताको व्यक्तिगत विवरण अनुसार सबै श्रमिकलाई अनिवार्य रुपमा करार पत्र या नियुक्तिपत्र दिनुपर्नेछ ।

६. उपयुक्त पोशाकको व्यवस्था भएको हुनु पर्नेछ ।

७. श्रमिकलाई परिचयपत्रको व्यवस्था हुनु पर्नेछ ।

८. श्रमिकहरुको स्वास्थ्य र जोखिम बिमा हुनु पर्नेछ ।

९. श्रमिक र सेवाग्राहीहरुको दुरुस्त अभिलेखीकरण राख्नु पर्नेछ।

१०. नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक प्रदान गर्ने व्यवस्था भएको हुनु पर्नेछ । निजले पाउने पारिश्रमिक बैंक प्रणालीबाट उपलब्ध गराउनु पर्नेछ ।

११. व्यवसाय सञ्चालनका क्रममा श्रमिकहरुको कामको समयावधि तोकिनु पर्नेछ।

१२. कार्यस्थलमा श्रमिकहरुलाई धुम्रपान, लागू औषध तथा मादक पदार्थ सेवन गराउन नपाइने ।

१३. श्रमिकले पाउने विदा, सेवा र सुविधाको हकमा श्रम ऐन, २०७४ ले तोके बमोजिम हुनेछ ।

१४. व्यवसाय सञ्चालकहरुले प्यान तथा भ्याट विल अनिवार्य प्रयोग गर्नु पर्नेछ ।

१५. महिला श्रमिकहरुको हकमा बालबच्चा भएको खण्डमा सुरक्षित कोठामा बच्चालाई स्तनपान गराउने व्यवस्था मिलाउनुका साथै कार्यस्थलमा काम गर्दा राती ढिला भए श्रमिकहरुलाई कार्यस्थलबाट बासस्थानसम्म पुर्‍याउने सवारी साधनको व्यवस्था भएको हुनु पर्नेछ ।

१६. आन्तरिक तथा बाह्य वेचविखनको सम्भावना भएको कारण मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा आउने सेवाग्राहीहरु प्रति सञ्चालक स्वयम सजग हुने र मानव बेचविखन तथा ओसारपसारको सम्बन्धमा श्रमिकहरुलाई सजग गराउनु पर्नेछ ।

१७. कार्यस्थल र कार्य सम्पादन लगायत मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई थप व्यवस्थित र मर्यादित बनाउने विषयमा व्यवसाय संचालक तथा श्रमिकहरु बिच नियमित छलफल तथा बैठक वस्नु पर्नेछ ।साथै लैङ्गिक हिंसा र दुर्व्यवहार न्यूनिकरणका लागि पूर्ण प्रतिवद्ध रहेको हुनुपर्नेछ ।

१८. मनोरञ्जन तथा सत्कार सेवाक्षेत्रमा कार्यरत सबै श्रमिकहरुको श्रमको उच्च मुल्याङ्कन गरी श्रमिकहरुको कार्य सम्पादनको मुल्याङकनका आधारमा सेवा सुविधाको निरन्तर बढोत्तरीको व्यवस्था हुनु पर्नेछ ।

१९. सम्बन्धित संस्था वा व्यवसायीले श्रमिकका लागि पोशाक एवं शुरक्षाका सामाग्री समेतको व्यवस्था गर्नु पर्नेछ ।

**५. सेवाग्राहीको हकमा :**

१. श्रमजीवी महिला/पुरुष प्रति सम्मानजनक व्यवहार गर्नु पर्नेछ र उनीहरुको मर्यादामा आँच पुग्ने कुनै पनि काम, व्यवहार गर्न पाइनेछैन ।

२. आर्थिक प्रलोभन दिई श्रमजीवी महिला/पुरुषहरुलाई यौन सम्बन्ध स्थापित गर्न वाध्य पार्न हुने छैन।

३. श्रमजीवी महिला/पुरुषसँग वसी कार्यस्थलमा धुम्रपान, मदिरा या कुनै प्रकारका लागु पदार्थको सेवन गर्न गराउन बाध्यतामा पार्न हुने छैन ।

४. मादक पदार्थ सेवन गरी हो हल्ला गर्न एवं श्रमिक महिला/पुरुप प्रति अभद्र व्यहार गर्न हुने छैन ।

५. पद र शक्तिको प्रयोग गरी श्रमिकहरु प्रति गाली, डर, धम्की र आश्वासन देखाउन पाइने छैन।

६. कुनै पनि अश्लिल चित्र वा भिडियो देखाई यौन उत्तेजना ल्याउने र यौन प्रस्ताव गर्न पाइने छैन।

**६. श्रमिकको हकमा :**

१. कार्यस्थलमा आफ्नो नाम थर र वतन सहितको वैयक्तिक विवरण प्रस्तुत गर्नु पर्नेछ।

२. सेवाग्राही वा व्यवसायीबाट आफू माथि कुनै किसिमको मौखिक, शारीरिक, मानसिक दुर्व्यवहार, यौन सम्बन्धी छेडखानी वा यौन हिंसा हुन नदिन सदैव सचेत रहने र यदि भएमा तुरुन्त प्रहरी प्रशासन, नगरपालिका, सहयोगी संस्था वा निकायमा उजुरी गर्न सक्नेछन ।

३. पारिश्रमिक नदिई काममा लगाएमा प्रहरी प्रशासन, नगरपालिका, सहयोगी संस्था वा निकायमा उजुरी गर्न सक्नेछन्।

४. सेवाग्राही वा व्यवसायीसँग बसी धुम्रपान, मदिरा वा कुनै प्रकारका लागु पदार्थको सेवन गर्न पाइनेछैन ।

५. सम्बन्धित संस्था वा व्यवसायीले व्यवस्था गरेको पोशाक एवं सुरक्षा सामाग्री समेतको प्रयोग गर्नु पर्नेछ ।

६. अनुशासित र इमान्दारिताको साथ आफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेछ ।

७. आफ्नो क्षमता विकासमा जिज्ञासु, मिहेनती र सक्रिय हुन सकिनेछ ।

## परिच्छेद ३

## नगरपालिका स्तरीय अनुगमन तथा निरीक्षण समितिको व्यवस्था

७. **मनोरञ्जन** तथा सत्कार सेवा क्षेत्रलाई मर्यादित, सम्मानित, व्यवस्थित र व्यवसायिक बनाउन निम्नानुसारको अनुगमन तथा निरीक्षण विधिहरुको अवलम्बन गर्नु पर्नेछ । मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रको नगरपालिकास्तरीय अनुगमन तथा निरीक्षण समिति देहाय बमोजिम हुनेछ ।

१. उपप्रमुख - संयोजक
२. स्वास्थ्य शाखा प्रमुख - सदस्य
३. शिक्षा शाखा प्रमुख - सदस्य
४. श्रम कार्यालय प्रमुख वा प्रतिनिधि - सदस्य
५. जिल्ला प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि - सदस्य
६. सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य
७. सम्बन्धित संघ संस्थाका प्रतिनिधि १ जना - सदस्य
८. महिला तथा बालबालिका शाखा प्रमुख १ जना - सदस्य
९. सामाजिक विकास शाखा प्रमुख - सदस्य-सचिव

**८. मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रको वडास्तरीय अनुगमन तथा निरीक्षण समिति देहाय बमोजिम हुनेछ :**

१. वडा अध्यक्ष - संयोजक
२. प्रहरी कार्यालय/प्रहरी प्रतिनिधि/समुदाय प्रहरी साझेदारी (चौकी वा इलाका) - सदस्य
३. सम्बन्धित क्षेत्रमा क्रियाशील संस्था/स्थानीय गै.स.स. प्रतिनिधि प्रतिनिधि/वडा स्तरिय बजार समिति - सदस्य
४. महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाबाट सम्बन्धित वडा हेर्ने कर्मचारी - सदस्य
५. वडा सचिव - सदस्य-सचिव

**९. अनुगमन तथा निरीक्षण समितिको रणनीति तथा कार्यनीति देहाय बमोजिम हुनेछः**

१. संघ, प्रदेश र स्थानीय स्तरमा नबाझिने खालको रणनीति तथा कार्यनीति निर्माण गर्ने ।
२. प्रत्येक ३/३ महिनामा अनुगमन गरी अनुगमन मूल्याकन प्रतिवेदन तयार गर्ने ।
३. सचेतना मूलक कार्य गर्ने साथै वडा र नगरपालिका स्तरमा उजुरी पेटिकाको समेत व्यवस्था गर्ने।
४. आवश्यक स्थानहरुमा उजुरी पेटिका राखी उजुरी संकलन गर्ने ।
५. श्रम ऐनको प्रभावकारी कार्यन्वयन भए नभएको नियमन गर्ने ।
६. सरकारी तथा गै.स.स.को साझेदारीमा कार्य सम्पादन गर्ने ।
७. यस्ता क्षेत्रलाई सम्मानित र मर्यादित बनाउनको लागि समय समयमा सबैको सहभागिता हुने गरी गोष्टी तथा सेमिनारहरुको आयोजना गर्ने ।
८. नगरपालिकामा मानव वेचविखन तथा ओसार पसार नियन्त्रण स्थानीय समिति तथा प्रत्येक वडामा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण वडा समितिको गठन गरी बेचविखन तथा ओसारपसार विरुद्धका कार्यहरुका लागि क्रियाशिल गराउने ।
९. स्थानीय वाल अधिकार समितिलाई बालबालिकाको बेचविखन तथा ओसार पसार नियन्त्रण तथा जोखिम अवस्थाका बालबालिकाहरुको समस्या समाधानका उपायहरु वारे अध्ययन अनुसन्धान गरी बाल संरक्षण प्रणालीलाई सुदृढ गर्ने दिशामा नीति तथा कार्यक्रमहरु निर्माण गर्ने बारेमा विशेषज्ञता प्राप्त निकायका रुपमा विकास गर्ने ।
१०. वेचविखन लगायत विभिन्न यौनजन्य हिंसा तथा शोषणबाट पिडीत/प्रभावितहरुको स्थानीय र जिल्ला तहमा राहत, उद्दार, संरक्षण तथा पुनः स्थापनाका लागि वडा नगरपालिकामा कोष खडा गर्ने।
११. वेचविखन लगायत विभिन्न यौनजन्य हिंसा तथा शोषणबाट पिडीत/प्रभावितहरुका लागि सीपमूलक तालिमको लागि वडा नगरपालिकामा पुनः स्थापना कोषको स्थापना गर्ने । स्थापित पुनः स्थापना कोष परिचालन कार्यविधि निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने।

**१०. अनुगमन तथा निरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

१. समितिको बैठक त्रैमासिक रुपमा बस्ने र आवश्यकता अनुसार पनि बस्न सकिनेछ।
२. नगरपालिका र वडा स्तर अनुगमन समितिको आचारसंहिता तय गर्न सक्नेछ ।

३. मनोरञ्जन क्षेत्रका श्रमिकको तथ्यांक/डाटा संकलन तथा भएको डाटा अध्यावधिक/अपडेट गर्ने र जोखिमयुक्त क्षेत्रहरुको लेखाजोखा राख्नेछ ।

४. सञ्चालनमा रहेका सबै व्यवसायहरुको विवरण पालिका तथा वडामा सुचिकृतको लागि आह्वान गर्ने र व्यवसायमा संलग्न व्यक्तिहरुको व्यक्तिगत विवरण सहित तथ्याङ्क तयार पार्नेछ ।

**५.** प्रत्येक ३ महिनाको १ पटक पालिकामा रहेको सम्पूर्ण मनोरञ्जन क्षेत्रको अनुगमन गर्ने र आवश्यक परेमा पुनः तत्काल अनुगमन गर्नेछ ।

६. अनुगमन गर्दा **अनुसुचि १** बमोजिमको अनुगमन तथा निरीक्षण सम्बन्धी चेकलिष्टको/ अनुगमनको कार्यविधि तयार गर्नेछ ।

७. चेकलिस्ट अनुसार मनोरञ्जन तथा सत्कार सेवाक्षेत्रको अनुगमन तथा निरीक्षण कार्यक्रम **अनुसुचि - २** बमोजिमको फाराम अनुसार गर्नुपर्नेछ ।

८. सम्बन्धित सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने र सरोकारवालाहरु विच समन्वय र सहकार्य गर्नेछ ।

९. अनुगमनबाट आएका सवालहरुलाई तत्काल सम्बोधन गर्ने तर्फ ध्यान दिनुपर्नेछ ।

१०. जबरजस्ती काममा लगाइएको पाइएमा व्यक्तिको लिखित वा मौखिक उजुरी सहित सम्बन्धित व्यवसायीलाई कानूनी दायरामा ल्याउनेछ ।

११. नगरपालिकामा तय गरेको मापदण्ड अनुरुप काम भए नभएको अनुगमन गर्नेछ ।

१२. उजुरी पेटिका राख्ने र दण्ड तथा जरिवानाको व्यवस्था गर्नेछ । प्राप्त उजुरी उपर छानविन गरी आवश्यक दण्ड सजाय गर्ने र थप जानकारी गर्नुपर्ने भएमा सम्बन्धित निकायमा पेस गर्ने। (अनुगमनको क्रममा देखिएमा कमजोरीहरु सच्याउन तथा कारवाही एवं सजायको लागि सम्वन्धित न्यायिक तथा अर्ध न्यायिक निकायमा पठाउने)

१३. आचार संहिता उल्लेख भएको सूचना सबै व्यवसाय अगाडी अनिवार्य रुपमा लगाउनेछ ।

१४. अनुगमन नियमनको लागि आवश्यक वजेट र जनशक्तिको व्यवस्था गर्नेछ ।

१५. अनुगमनको प्रतिवेदन नगरकार्यपालिका बैठकमा पेश गर्नेछ ।

१६. आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा सम्बन्धित सरोकारवालाहरु संग समन्वय गर्नेछ ।

१७. सरकारी तथा गैरसरकारी निकायहरुसंगको सहयोग र समन्वयमा चेतनामूलक, विषयगत अभिमुखिकरण सहित विविध/अद्यावधिक कार्यक्रमहरु संचालन गर्नेछ । बालश्रम न्यूनीकरणको लागि स्थानीय बासिन्दालाई जागरुक गराउनेछ । यसको लागि वडा र नगरपालिकाले सामाजिक संघ सस्थाहरुको सहयोग लिनेछ।

१८. बेचविखन लगायत विभिन्न यौनजन्य हिंसा तथा शोषण बाट पिडीत/प्रभावितहरुको राहत, उद्दार, संरक्षण तथा पुनः स्थापनाका कार्यक्रमहरु सँचालन गरी वैकल्पिक रोजगारीको व्यवस्था तथा आयआर्जनमा सहयोग गर्नेछ।

१९. मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धि स्थानीय ऐन निर्माण गरी कार्वन्वयनको पाटोमा नागरिकलाई दायित्व वहन गर्न जिम्मेवार बनाउनेछ ।

२०. बालबालिका र जोखिममा रहेका श्रमिकहरुको उद्धार गर्ने र जीवन उपयोगी सीप तालिमको व्यवस्था गरी पुनः स्थापना गर्नेछ ।

२१. व्यवसाय वा कार्यस्थलमा प्रवेश गर्दा आफ्नो परिचय देखाएर प्रवेश गर्ने ।

२२. कुनै रजिष्टर, हाजिरी, कागज वा अभिलेख जफत गर्दा वा नियन्त्रणमा लिदा बुझिलिएको लिखित भरपाई दिनेछ।

२३. व्यवसाय तथा कार्यस्थलको काममा बाधा नपर्ने गरी आफ्नो पदीय कर्तव्य पालना गर्ने ।

२४. निश्चित मापदण्ड अनुसार व्यवसाय संचालन गरेकालाई पुरस्कृत गर्ने ।

२५. वडा स्तरीय समितिसंग समन्वत्मक कार्य गरी अनुगमनलाई प्रभावकारी बनाउने।

**११. अनुगमन तथा निरीक्षण समितिको बैठक सम्बन्धि कार्यविधि**

१. संयोजकले तोकेको समय र मितिमा बैठक बस्ने ।

२. बैठकको प्रस्तावना बैठक बस्नु भन्दा अगाडी दिनु पर्ने ।

३. सबैको कुरा/विचारको सुनवाई र निर्णय प्रक्रियामा सहभागिता गराउने।

४. बैठकमा आचारसंहिताको पालना हुनु पर्ने ।

५. त्रैमासिक रुपमा एवं आवश्यकता अनुसार बैठक बस्ने ।

६. बैठकमा निस्किएको निष्कर्षलाई कार्यान्वयन गर्ने/गराउने ।

**१२. उजुरी सम्बन्धी व्यवस्था**

१. उजुरी तथा दण्ड सजायको व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ ।

२. वडा र नगरपालिका स्तरमा उजुरी पेटिकाको समेत व्यवस्था गर्नुपर्नेछ । (छानविनको समय एक हप्ता भित्र)

**परिच्छेद ४**

**विविध**

१३. यो निर्देशिका संशोधन गर्नुपर्ने भएमा समितिले संशोधनको प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्न सक्नेछ। प्राप्त हुन आएको संशोधन प्रस्ताव कार्यपालिकावाट निर्णय भए पछि लागू हुनेछ ।

१४. यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ आईपरेमा त्यस्तो वाधा अड्काउ फुकाउन समितिले नगरपालिका समक्ष सिफारिस गर्नेछ । उक्त सिफारिस वमोजिम नगरपालिकाले आदेश जारी गर्न सक्नेछ । आदेश पश्चात लगत्तै वस्ने कार्यपालिकाको वैठकबाट अनुमोदन हुन नसकेमा उक्त आदेश स्वतः निष्कृय हुनेछ ।

१५. यो निर्देशिकामा लेखिएको हकमा यसै अनुसार हुने र यसमा उल्लेख नभएको कुरामा प्रचलित कानुन अनुसार हुनेछ ।

## अनुसूची १

### (दफा १० को उपदफा ६ संग सम्बन्धित)

### अनुगमन तथा निरीक्षण सम्बन्धी चेकलिष्टको/अनुगमनको कार्यविधि

अनुगमनको पूर्व तयारी र अनुगमन गर्दाको प्रक्रिया

१. मिति र अनुगमन क्षेत्र/स्थान निर्धाराण, प्रश्नावली तयार गर्ने (निर्देशिकामा उल्लेख भए अनुसार जस्तै संचालकको आधिकारिक नाम थर ठेगाना, श्रमिकहरुको परिचयपत्र, नियुक्तिपत्र, जन्मदर्ता, नागरिकता प्रभाण पत्र, श्रमिकको संख्या तथा निजको विवरण, व्यवसाय वा कार्यस्थलको वातावरण, सँचालकको व्यवसाय दर्ता प्रभाण-पत्र, नविकरण र सूचिकृत, प्यान नं, भ्याट दर्ता, व्यवसायको प्रकृक्ति-सेवा सुविधाको आधारमा, काम गर्ने समय र खोल्ने वन्द गर्ने समय आदि) ।

२. अनुगमन तथा निरीक्षण समितिका सदस्यहरुलाई जानकारी/पत्राचार गर्ने ।

३. सदस्यहरुलाई अभिमुखिकरण र कामको बाँडफाड गर्ने।

४. आवश्यक सुरक्षा प्रबन्ध/सुरक्षाको प्रत्याभूति र समयको पालना गर्ने ।

५. गोपनियताको सुनिश्चितता-अनुगमन गर्दा प्राप्त गरेको सुचना, जानकारी वा तथ्यांक कानून वमाजिम वाहेक गोप्य राख्नु पर्ने ।

६. आचार संहिताको पालना गर्ने।

७. उद्धार पश्चात पुनः स्थापनाको व्यवस्थापन गर्ने।

८. प्राथमिक उपचारको तयारी गर्ने।

९. परामर्श कर्ताको व्यवस्था गर्ने।

१०. सामान्य खाद्यान्नको व्यवस्था गर्ने ।

११. दोभासेको व्यवस्था (आवश्यक परेमा) गर्ने।

१२. अनुगमन क्रममा व्यवसाय वा कार्यस्थलमा प्रवेश गर्दा परिचय-पत्र तथा तोकिएको पोशाकको प्रयोग गर्ने।

१३. कसूर सम्बन्धि चेतावनी, सजाय, दण्ड वा जरिवानाको व्यवस्था प्रचलित कानुन वा सम्बन्धित कानुनमा व्यवस्था भएमा सोही बमोजिम र न्यायको हकमा छुट्टै व्यवस्था गरी चेतावनी, सजायवा दण्डको व्यवस्था गर्नु पर्ने ।

१४. प्रतिवेदन पेश गर्ने (अनुगमनको सिलशिलामा देखा परेका सम्पूर्ण क्रियाकलापहरुको) ।

१५. प्रचलित कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

**अनुसूची २**

**(दफा १० को उपदफा ७ संग सम्बन्धित)**

**मनोरञ्जन तथा सत्कार सेवाक्षेत्रको अनुगमन तथा निरीक्षण फाराम**

मिति :

स्थान :

व्यवसायिको नाम र सम्पर्क नम्बरः

जम्मा कार्यरत कर्मचारिहरु : महिलाः पुरुष : १८ वर्ष मुनिका :

| क.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसाय सरकारी निकायमा दर्ता गरिएको छ वा छैन? | | | |
| २ | व्यवसाय नबिकरण गरिएको छ वा छैन ? | | | |
| ३ | व्यवसायिले व्यवसायमा संलग्न श्रमजीवी महिलाएवं पुरुषको नाम थर वतन सहितको वैयक्तिक विवरणको लगत तयार गरेर राखेको छ वा छैन? | | | |
| ४ | व्यवसाय सञ्चालन समय नेपाल सरकारले तोके बमोजिम सञ्चालन गरिएको छ वा छैन ? | | | |
| ५ | श्रमजीवीहरुलाई कार्य समाप्त पश्चात् सुरक्षित रुपमा वासस्थान सम्म पुन्याउने प्रवन्ध छ वा छैन ? | | | |
| ६ | नेपाल सरकारद्वारा निर्धारित न्यूनत्तम पारिश्रमिक दिने गरेको छ वा छैन ? | | | |
| ७ | १८ वर्ष मुनिका बालबालिकाको प्रयोग गरिएको छ वा छैन ? | | | |
| ८ | कर्मचारिलाई नियुक्ति वा करारनामा पत्रको व्यवस्था गरिएको छ वा छैन ? | | | |
| ९ | कर्मचारिलाई परिचयपत्रको व्यवस्था गरिएको छ वा छैन ? | | | |
| १० | मनोरञ्जन तथा सत्कार सेवाक्षेत्रमा प्रवेश गर्नासाथ सबैले देख्न सक्ने ठाउँमा आचार संहिता राखेको छ वा छैन ? | | | |
| ११ | काम गर्ने महिलाहरुलाई मार्यादित व्यबहार गरिएको छ वा छैन ? | | | |
| १२ | उत्तेजक पोशाक लगाई नृत्य गर्न गीत गाँउन बाध्य पारीएको छ वा छैन ? | | | |
| १३ | सेवाग्राहीसँग बसी मदिरा, धुम्रपान लगायतका लागु पदार्थ सेवन गर्न लगाएको छ वा छैन ? | | | |
| १४ | ड्रेस चेन्ज गर्ने कोठामा सि.सि क्यामारा राखिएको छ वा छैन ? | | | |

अन्य अवस्था विश्लेषण :

१.

२.

**अनुगमनमा सहभागिहरुको बिबरणः**

| क.सं. | नाम थर | कार्यालय/पद | कैफियत/हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

अनुगमन टोलिको निष्कर्ष/सुझावहरु :

अनुगमन टोलि प्रमुखको हस्ताक्षर :...

मिति :

आज्ञाले:

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत